# लालझाडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

शंकरपुर, कञ्चनपुर

प.सं. २०८०/०८१ (रोजगार शाखा)
च.नं.

सुदूरपश्चिम प्रदेश, नेपाल

मिति: २०८०/१०/२९
ने.स. ११४४ सिल्लाथ्व,३ सोमबार

**विषय : आगामी आ.व. २०८१/८२ का लागि बेरोजगार व्यक्ति सूची दर्ता सम्बन्धी सूचना ।**

नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यान्वयनमा रहेको रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११ , रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम ७ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ ( दोस्रो संशोधन २०७८ सहित) को दफा १८ को आधारमा आगामी आ.व.२०८१/८२ मा यस लालझाडी गाउँपालिका मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न ईच्छुक (१८-५९ बर्ष) तपसिल बमोजिमको मापदण्ड पुगेका बेरोजगार व्यक्तिहरुले २०८० फागुन ०१ गतेदेखि २०८० फागुन ३० गते भित्र आफूले स्थायी बसोबास गरेको वडा कार्यालयमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

बेरोजगार व्यक्तिले सूचीकरणको लागि दिनुपर्ने निवेदनको ढाँचा सबै वडा कार्यालयमा उपलब्ध हुनका साथै यस कार्यक्रमका बारेमा विस्तृत जानकारीका लागि लालझाडी गाउँपालिका, रोजगार सेवा केन्द्र र प्रधानमन्त्री रोजगार कार्यक्रम को वेवसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराईन्छ ।

**बेरोजगार व्यक्ति सूचिकृत हुनका लागि आवश्यक मापदण्ड तथा प्राथमिकता**

(क) न्यून आय भएका (चालु आ.ब. २०८०।८१ मा रू ६६,८००।– भन्दा कम) तथा स्वरोजगारमा संलग्न नभएका ।
(ख) चालु आ.व. २०८०।८१ मा न्यूनतम रोजगारीमा संलग्न नभएको ।
(ग) कृषि उत्पादन तथा ज्याला मजदुरीले ३ महिनासम्म खान नपुग्ने परिवारको सदस्य ।
(घ) भूमिहिन तथा सुकुम्वासी, अल्पसंख्यक समुदाय, लोपोन्मुख जनजाती, सिमान्तकृत वर्ग, एकल महिला, शहिद परिवार तथा बेपत्ता परिवारको सदस्य, अपाङगता भएका परिवारको सदस्य आदि ।

**निवेदनसाथ पेश गर्नु पर्ने कागजातहरु**

१. पुर्ण रुपमा भरेको बेरोजगार दर्ताको निवेदन थान -१ । अपुर्ण निवेदन स्वतः निष्कृय हुनेछ।
२. निवेदकको नागरिकता प्रतिलिपि थान-१ ।
३. निवेदकको पासपोर्ट साईजको फोटो थान-१।
४. निवेदकको परिवारका सदस्यहरुको नागरिकताको प्रतिलिपि थान-१ । (बालबालिकाको हकमा उमेर खुल्ने कागजातको प्रतिलिपि)

Dayan

............................
राज बहादुर सार्की
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:** सूचना प्रविधि शाखा,वेवसाइट र फेसबुक पेजमा अपलोड गरिदिन हुन ।